# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं. :

च.नं. :

मिति : २०८०/०४/१०

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था: २०७३

**विषय : सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी सूचना ।**

गत आर्थिक वर्ष २०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्तिका लागि नाम दर्ता गराई बैंक खाताबाट नियमित रुपमा भत्ता प्राप्त गर्दै आउनुभएका लाभग्राहीहरूले चालु आर्थिक वर्ष २०८०/८१ का लागि परिचयपत्र नवीकरण गर्नुपर्ने हुँदा २०८० साल साउन १ गतेदेखि भाद्र मसान्तभित्रमा आफ्नो स्थायी बसोबास गर्दै आएको वडा कार्यालयमा लाभग्राही स्वयम् उपस्थित भई वडाबाट नि:शुल्क प्राप्त हुने निवेदन फारम पढेर सहिछाप गरी सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

विगतमा कानून विपरित दोहोरो सुविधा (नियमित रुपले नेपाल सरकार वा मातहतबाट पेन्सन, तलब, भत्ता बुझ्दै आएका), नवीकरण गर्ने अवधिमा स्वदेशमा नरहेका र स्थायी ठेगाना समेत यकिन नभइ तत्कालिन अवस्थामा बसोबास गर्दै आएको आधारमा भत्ता प्राप्तिका लागि निवेदन दिएको तथा नवीकरण समेत गरेको भन्ने जनगुनासाहरू कार्यालयमा प्राप्त भएको हुँदा त्यस्ता लाभग्राहीहरूलाई कानूनी दायरामा ल्याउने र प्रचलित कानून बमोजिम भत्ता वितरण कार्यलाई अझ प्रभावकारी र पारदर्शी बनाउनका लागि सम्बन्धित लाभग्राहीहरूले विगतमा नियमित भत्ता बुझ्दै आएको भएतापनि चालु आ.व. मा नवीकरणका क्रममा आवश्यक अभिलेख अध्यावधिक/रुजु गर्ने र सम्बन्धितको स्थायी ठेगाना समेत यकिन हुनेगरी एक लाभग्राहीले एक स्थानबाट एक प्रकृतिको मात्र भत्ता बुझ्न पाउने कानूनी व्यवस्था रहेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम नवीकरण गर्ने व्यवस्था मिलाउनुहुन निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए लाभग्राहीहरूको प्रणाली मार्फत स्वत: लगतकट्टा हुने र भत्ता रकम नपाउने हुँदा त्यस्ता लाभग्राहीले पुन: नयाँ लाभग्राही सरह आवेदन दिई अर्को महिनाबाट मात्र भत्ता प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत